स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकवाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

२०७५।१२।१८

## प्रेस विज्ञप्ती

चैत १७ गते आइतवार साँझ प्रदेश नं. २ को वारा र पर्सा जिल्लामा आएको भिषण हावाहुरीबाट भएको ठूलो जनधनको क्षति प्रति यस एशोसिएसन गहिरो दुःख व्यक्त गर्दछ ।

हावा, हुरी र भुमरीले तराइमा मच्चाएको वितण्डाले विशेष गरी वाराको पसौनी, फेटा र सुवर्ण गाउँपालिका बढि प्रभावित भएको र त्यस क्षेत्रमा थुप्रै व्यक्तिहरुको मृत्यु हुनुका साथै सयौंको संख्यामा घाइते भएका छन् । विपद्मा परेका परिवार र घाइतेहरुको शिघ्र उद्दार गरी प्रभावित क्षेत्रका जनतालाई यथेष्ट राहत एवं सहयोग उपलब्ध गराउन यस एशोसिएसन नेपाल सरकार लगायत सम्बद्ध सम्पूर्ण संघसंस्थाहरु तथा महानुभावहरुमा समक्ष हार्दिक अपिल गर्दछ । यो दुःखद क्षणमा प्रभावित क्षेत्रका जनताको उद्दार एवं राहत कार्यमा जुटन नेपाल ईन्जिनियर्स एशोसिएसन प्रदेश नं. २ को कार्यकारिणी समितिलाई यसै विज्ञप्तीद्धारा अनुरोध गर्दछौं ।

हावा, हुरी, आगलागी, बाढी पहिरो, भुकम्प जस्ता आकस्मिक प्राकृतिक प्रकोपको जोखिम न्यूनिकरण गर्ने पूर्वाधार निर्माण तर्फ बेलैमा ध्यान नपुऱ्याउँदा नेपालमा पटक पटक ठूलो जनधनको क्षति हुने गरेको छ । विपद्बाट सृजित दुःखद घटना पश्चात मात्र चेत खुल्ने हाम्रो मानसिकतालाई परिवर्तन गरी क्षति कम गर्ने उपाय अपनाई सुरक्षित पूर्वाधारको विकास र निर्माण गरिनु पर्दछ भन्ने यस एशोसिएसनको मान्यता रहि आएको छ । आइतवारको हावा हुरीबाट क्षतिग्रस्त बस्तीको व्यवस्थापन तथा पुनर्निर्माणको लागि नेपाल सरकारलाई आवश्यक पर्ने सबै प्रकारको प्राविधिक सहयोग उपलब्ध गराउन नेपाल ईन्जिनियर्स एशोसिएसन तत्पर रहेको व्यहोरा जानकारी गराउदछौं ।

आकस्मिक रुपमा घटेको यस प्राकृतिक विपद्को घटनाबाट दिवंगत हुनुभएका व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै जनधन गुमाएका शोकाकूल परिवारजनमा हार्दिक समवेदना सहित घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

| | |
|---|---|
| ई. छवि राज पोखेल<br>महासचिव | ई. प्रा. डा. त्रिरत्न बज्राचार्य<br>अध्यक्ष |

ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोनः ०१-५०१०२५१, ५०१०२५२
फ्याक्सः ०१-५०१०२५३, ईमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np